**बेलकोटगढी नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**बाघखोर, नुवाकोट**

## बिरुवा खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

पत्रिकामा प्रकाशित मिति : २०७६/१०/३

यस नगरपालिकाको आ.व. ०७६/७७ को वार्षिक स्वीकृत कृषि कार्यक्रम अनुसार कृषि फर्म/कृषि समूह/कृषि सहकारी मार्फत (७५ प्रतिशत अनुदानमा) कार्यक्रम संचालनको लागि दाँते ओखर बिरुवा (Walnut Tree Grafted on Rootstock) यस कार्यालयसम्म आपूर्ति गर्न इच्छुक फर्म, कम्पनी वा संस्थाहरूबाट निम्नानुसारका शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना यस नगर कार्यपालिकाको कार्यालयको सूचना पाटी तथा वेबसाईट www.belkotgadhimun.gov.np मा हेर्न सकिने छ। विस्तृत जानकारीको लागी नगर कार्यपालिका कार्यालय (आर्थिक विकास शाखा) मा सम्पर्क राख्न सकिने छ।

१. दरभाउपत्र फारम रु.१,०००।- (फिर्ता नहुने गरी) तिरी १५औं दिनको कार्यालय समय भित्र नगर कार्यपालिका कार्यालयको आर्थिक विकास शाखाबाट खरिद गर्न सकिने छ।

२. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय भित्र दरभाउपत्र फारम खरिद गरी १६औं दिन १२:०० बजे भित्र आर्थिक विकास शाखामा दाखिला गरी सक्नु पर्नेछ।

३. सिलबन्दी दरभाउपत्र खरिद गर्नको लागि सिलबन्दी दरभाउपत्रदाताले निवेदन साथ आ.व. २०७५/७६ को कर चुक्ता प्रमाण पत्र, २०७६/७७ सम्मको फर्म नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपीहरू संलग्न राख्नु पर्नेछ।

४. दाँते ओखर बिरुवा (Walnut Tree Grafted on Rootstock) को न्यूनतम् मापदण्ड Chandler, Ferner, Franquette, र Fernette जातको हुनु पर्नेछ।

५. सिलबन्दी दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा दरभाउपत्र जमानत वापत तपसिल बमोजिमको रकम यस नगरपालिकाको नाममा रहेको नेपाल बैंक लिमिटेड त्रिशुली शाखा, विदुरमा रहेको धरौटी खाता नं. ०२६०३००००००००३०००१६ मा नगद जम्मा गरेको बैंक भौचर वा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा ७५ (पचहत्तर) दिन म्याद भएको क वर्गको वाणिज्य बैंकद्वारा यस नगरपालिकाको नाममा जारी भएको सोही रकम बराबरको बैंक ग्यारेन्टी (बिडबण्ड) पेश गर्नु पर्नेछ।

६. सिलबन्दी दरभाउपत्र फारमसाथ सम्बन्धित दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र पेशा सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको घोषणा कागजातमा अनिवार्य रुपमा हस्ताक्षर गरेको र सहिछाप लगाएको हुनु पर्नेछ।

७. पर्न आएका सिलबन्दी दरभाउपत्रहरू सूचना प्रकाशित भएको १६औं दिन दिनको २:०० बजे आर्थिक विकास शाखामा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। निजहरू उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

८. दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन बिदा परेमा सो पछि क्रमशः कार्यालय खुलेको दिनलाई मानिने छ।

९. बिल अफ क्वाण्टिटिजमा निर्दिष्ट भए अनुसार प्रति इकाई दर तथा जम्मा कबोल रकम उल्लेख गरी सोको जोड जम्मा रकम अङ्क र अक्षर दुबै महलमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ।

१०. रीत नपुगेको, म्याद नाघि प्राप्त भएको वा केरमेट भै अङ्क/अक्षर नबुझिने दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

११. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहने छ।

१२. यो सूचनामा नपरेका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बामोजिम हुनेछ। विस्तृत जानकारी लिन चाहेमा नगरकार्यपालिकामा सम्पर्क राख्न सकिने छ।

| दरभाउपत्र | कामको विवरण | धरौटी |
|---|---|---|
| BGM/Plants/Sealed Quatation/01/076/77 | दाँते ओखर बिरुवा (Walnut Tree Grafted on Rootstock) | २१,५००।०० |